# मनाङ डिस्याङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हुम्डे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

Email: manangngisyangrmun@gmail.com
Website: nesyangmun.gov.np
Phone: 9856049460
Office: 9856049331


प.सं.:- ०८०/८१
च. नं.:-

मिति:-२०८०/०४/१०

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना।

सामाजिक सुरक्षा ऐन, २०७५ वमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले सामाजिक सुरक्षा नियमावली, २०७६ (संशोधन सहित) को नियम ९ वमोजिम आर्थिक बर्ष २०८०/०८१ का लागि २०८० भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालय मार्फत अनिवार्य रुपमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न गराउन हुन अनुरोध गरिन्छ। तोकिएको समयमा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभए प्रणाली मार्फत स्वतःलाभग्राहीबाट लगत कट्टा हुने र त्यस्ता लाभग्राही पुन सामाजिक सुरक्षा ऐन २०७५ को दफा १२ वमोजिम नयाँ लाभग्राही सरह आवदेन दिनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ साथै बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्ष माथि वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजका आमा, बुबा, संरक्षक/माथवर उपस्थित भई नविकरण गराउन सक्नेछन्।

आवाश्यक कागजातहरु:

- नागरिकताको सक्कलै प्रमाण-पत्र सहित प्रतिलिपी १ प्रति,
- हालसालै खिचेको लाभग्राहिको अटोसाइजको फोटो १ प्रति,
- बालपोषणको हकमा जन्मदर्ताको फोटोकपि तथा संरक्षकको नागरिकताको प्रतिलिपी,
- विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपी सहितको अर्को विवाह नगरेको वडा सिफारिस, साथै विवाह नगरी ६० बर्ष उमेर पुरा भएका महिलाको हकमा अर्को विवाह नगरेको वडा सिफारिस,
- अपाङ्ग भएका व्यक्तिहरुको हकमा गाउँपालिका बाट जारी भएको अपाङ्ग परिचयपत्रको प्रतिलिपी र संरक्षकको नागरिकताको प्रतिलिपी ।

नोटः तोकिएको समयमा परिचयपत्र नवीकरण गर्न छुट हुने लाभग्राहीको नाम सामाजिक सुरक्षा व्यवस्थापन प्रणाली बाट स्वतः हट्नेछ।छुट भएको समयावधिको रकम भुक्तानी हुने छैन। तोकिएको समयमा नविकरण गर्न छुट भई पुनः नयाँ निबेदन दिएमा निवेदन दिएको पछिल्लो महिनादेखि मात्र भत्ता प्राप्त गर्न शुरु हुनेछ ।

२०८०/०४/१०

नविन क्षेत्री
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः श्री वडा कार्यालय सबै, मनाङ डिस्याङ गाउँपालिका, सूचना संप्रेषण गरिदिनुहुन।